का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ भदौ २०७९,
बुधबार
7 September 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २१४ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# लम्बिएन संसदको कार्यकाल



नयाँ निर्वाचित संसदको बैठक नबस्दासम्म प्रतिनिधिसभाको कार्यकाल कायम रहने गरी आएको प्रस्ताव विफल भएको छ । प्रतिनिधिसभाबाट अस्वीकृत हुने जानेपछि सरकार नै पछाडि हट्दा संसदको कार्यकाल लम्बिन पाएन ।



समानुपातिक निर्वाचन प्रणाली बमोजिम उम्मेदवारको बन्दसूची पेश हुने अघिल्लो दिनसम्म मात्र व्यवस्थापिका-संसद कायम रहेको विगतको अनुभव छ ।

**दिनेश थपलिया**
**प्रमुख आयुक्त, निर्वाचन आयोग**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ भदौ ।

पछिल्लो केही दिन नेपाली राजनीति प्रतिनिधिसभाको कार्यकाल लम्ब्याउने सम्बन्धी प्रस्तावले तरंगित हुन पुग्यो । जसरी यो तरंग आयो उसैगरी विफल हुन पुगेको छ । सत्तारुढ पाँच दलीय गठबन्धन र गठबन्धनमा आवद्ध दलका सांसदहरु नै तयार नभएपछि नयाँ निर्वाचित संसदको बैठक नबस्दासम्म प्रतिनिधिसभाको कार्यकाल कायम राख्ने प्रस्तावबाट सरकार पछि हट्न बाध्य भएको हो ।

सरकारले 'केही नेपाल ऐन संशोधन विधेयक'मार्फत प्रदेशसभा र प्रतिनिधिसभाको कार्यकाल नयाँ निर्वाचित संसदको बैठक नबस्दासम्म कायम राख्ने प्रस्ताव ल्याएको थियो । प्रस्तावित विधेयकमा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ संशोधन गरी प्रतिनिधिसभाको कार्यकाल पहिलो बैठक बसेको दिनबाट गणना हुने र नयाँ निर्वाचन भई त्यस्तो सभाको पहिलो बैठक बसेको दिनबाट अघिल्लो प्रतिनिधिसभाको कार्यकाल स्वतः समाप्त भएको मानिने उल्लेख थियो । प्रदेशसभाको कार्यकाल पनि पहिलो बैठक बसेको दिनबाट गणना हुने र नयाँ निर्वाचन भई त्यस्तो सभाको पहिलो बैठक बसेको दिनबाट अघिल्लो प्रदेशसभाको कार्यकाल स्वतः समाप्त हुने उल्लेख थियो ।

तर चुनाव घोषणा भइसकेको अवस्थामा संसदको कार्यकाल लम्ब्याउने गरी विधेयक ल्याएपछि सरकारको चर्को आलोचना भयो । सत्तारुढ गठबन्धनका शीर्ष नेताहरुले विधेयक नै फिर्ता लिन निर्देशन दिएपछि कांग्रेस सांसदहरुले कार्यकाल लम्ब्याउने सम्बन्धी प्रस्ताव हटाउने गरी संशोधन हाले । प्रतिनिधिसभाबाट अस्वीकृत हुने जानेपछि सरकार नै पछाडि हट्यो र परिणाममा संसदको कार्यकाल लम्बिन पाएन ।

अब प्रतिनिधिसभाको कार्यकाल कहिलेसम्म भन्ने विषयमाथिको बहस फेरि छेडिएको छ । तर निर्वाचन आयोगले असोज २ गतेभित्र प्रदेश र प्रतिनिधिसभाको चुनावका लागि समानुपातिक तर्फका उम्मेदवारहरुको बन्दसूची बुझाउनुपर्ने कार्यतालिका तय गरेको छ । सोही दिनबाट प्रतिनिधिसभाको कार्यकाल सकिएको मानिने निर्वाचन आयोगले सोमबार विज्ञप्ति निकालेर प्रष्ट पारेको छ । निर्वाचन आयोगका अनुसार असोज २ गतेबाट सभामुख र उपसभामुख समेत रहने छैनन् ।

'नेपालको संविधानको धारा २९६ को उपधारा (१) मा संविधान सभाबाट व्यवस्थापिका-संसदमा रुपान्तर भएको सदनको कार्यकाल संवत् २०७४ साल माघ ७ गतेसम्म कायम हुने व्यवस्था गरेको भए तापनि सोही उपधाराको प्रतिबन्धात्मक

– बाँकी पृष्ठ २ मा

प्रदेश १

## नाम राख्नै असफल

एकल पहिचान, बहुपहिचान वा भूगोलका आधारमा प्रदेशको नामकरण गर्ने विषयमा विवाद हुँदा चार वर्षसम्म नामविहीन प्रदेश बनेको हो ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २१ भदौ ।

देशका ६ वटा प्रदेशको नामाकरण भएको लामो समय बितिसक्दा समेत प्रदेश १ ले नाममा सहमति जुटाउन सकेको छैन । बरु, मुख्यमन्त्री र सांसदहरु प्रदेशको नाम नरहनुको दोष एकअर्कालाई लगाउनमै तल्लीन छन् । गत २०७६ बैशाख २३ गते प्रदेश १ को राजधानी विराटनगर तोकिए पनि नामकरण भने हालसम्म हुन नसकेको हो । एकल पहिचान, बहुपहिचान वा भूगोलका आधारमा प्रदेशको नामकरण गर्ने विषयमा विवाद हुँदा चार वर्षसम्म नामविहीन प्रदेश बनेको हो ।

'बाहिरी प्रचारका लागि १-२ पटक छलफल त भयो, तर ठोस प्रस्ताव प्रदेशसभामा नजाँदा नाम राख्न असफल भएको हो,' नेकपा माओवादी केन्द्र प्रदेश १ का संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो बताउँछन् । नामबारेको प्रस्ताव ल्याउने मुख्यमन्त्रीको दायित्व हुने भएपनि अहिलेसम्म त्यसमा थप प्रगति हुन नसकेको उनको भनाई छ ।

त्यसो नेकपाका तर्फबाट साढे तीन वर्ष मुख्यमन्त्री रहेका शेरधन राई नाम टुङ्गो नलगाई पदबाट बाहिरिए । त्यसपछि एमालेबाट मुख्यमन्त्री बनेका भीम आचार्यको पालामा नामकरणको विषय सदनमा प्रवेश नै गर्न पाएन । अनि २०७८ कार्तिक १६ मा गठबन्धनका तर्फबाट मुख्यमन्त्री बनेको राजेन्द्र राइपनि प्रदेशको नामकरण टुङ्ग्याउनेतर्फ अग्रसर नै देखिएको छैनन् ।

त्यसो त, केही दिनअघि बसेको प्रदेशसभा बैठकमा पहिलो कार्यकालबाट नाम राख्न नसकेको भन्दै हात जोडेरै माफी समेत मागेका थिए । सबै दलले अडान नछाडेकै कारण नाम राख्न नसकेको प्रदेश १ का निवर्तमान मुख्यमन्त्री भीमप्रसाद आचार्यले बताएका छन् । 'अधिकार तल दिने भनेपछि म पनि प्रदेशमै आए, तर

– बाँकी पृष्ठ २ मा




टिआरसी विधेयक

# संशयकाबीच दफावार छलफलमा

एमालेका सांसदहरुले हत्या, यौनजज्य हिंसा, अपहरण तथा शरीर बन्धक र अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानुन विपरीत गरिएका अमानवीय कार्यलाई मानवअधिकारको गम्भीर उल्लंघनमा राख्नुपर्ने भनी संशोधन प्रस्ताव दर्ता गरेका छन् ।



विधेयक अगाडि बढाउने सहमति भएको छ । सोही अनुसार अब बुधबार संशोधनकर्ताहरुसँग छलफल हुन्छ । बिहीबार पीडित पक्ष, सरोकारवालाहरु र सम्बन्धित संघसंसस्थाका प्रतिनिधिहरुसँग छलफल हुन्छ ।

**कृष्णभक्त पोखरेल**
*सभापति,*
*कानुन, न्याय तथा मानवअधिकार समिति*



विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात् गरी अगाडि बढाउन र यो विधेयक छिटो टुंगोमा पुऱ्याउन सबै दलहरु तयार छौं । बाहिर चर्चा नभए पनि दलहरुका बीचमा छलफल भइरहेको छ ।

**सुवास नेम्वाङ**
*उपनेता*
*संसदीय दल नेकपा एमाले*



यो विधेयक ठीक छ । अब अगाडि बढाउनुपर्छ । शान्ति प्रक्रियाको विषयमा हामी सत्तापक्ष र प्रतिपक्ष छैनौं । सर्वसम्मत पारित गर्ने वातावरण बनाउनुपर्छ ।

**वर्षमान पुन**
*उपमहासचिव*
*नेकपा माओवादी केन्द्र*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ भदौ ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक संशयकाबीच दफावार छलफलमा पुगेको छ । संशयकाबीच संसदीय प्रक्रिया अन्तर्गतको छलफलमा अघि बढेको छ ।

प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिले यो विधेयकमाथि संशोधन प्रस्ताव दर्ता गरेका संशोधनकर्ताहरुलाई बुधबार छलफलमा बोलाएको छ । समिति सभापति कृष्णभक्त पोखरेलका अनुसार बुधबार दिउँसो ३ बजे विधेयकमाथि संशोधन राख्ने सांसदहरुलाई छलफलमा बोलाइएको छ । 'बुधबार दिउँसो ३ बजेदेखि बेलुकी ६ बजेसम्म संशोधनकर्ताहरुसँग छलफल गर्ने तय भएको छ' सभापति पोखरेलल भने ।

संघीय संसद सचिवालयका अनुसार यो विधेयकमा प्रमुख प्रतिपक्षी नेकपा एमाले र सत्तारुढ दल नेकपा माओवादी केन्द्रका सांसदहरुबाट संशोधन परेको छ । एमालेका सांसदहरुले हत्या, यौनजज्य हिंसा, अपहरण तथा शरीर बन्धक र अन्तर्राष्ट्रिय

– बाँकी पृष्ठ २ मा

## फेमिस प्रणाली : कर्मचारी उत्साहित, व्यवसायी निराश !

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ भदौ

वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा लामो समयदेखि रहेका समस्या समाधान नहुँदा समय र लागत अनुचितरूपमा बढेको वैदेशिक रोजगार व्यवसायीहरूको गुनासो छ । शून्य लागतमा कामदार पठाउनुपर्ने बाध्यतामा रहेका आफूहरूले एउटै विज्ञापन हप्तैपिच्छे पटक-पटक दोहोऱ्याएर प्रकाशन गर्नुपर्ने गरी प्रणालीले सिर्जना गरेको बाध्यताले अनुचितरूपमा लागत र झन्झट थपेको व्यवसायीहरूको भनाइ छ ।

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारसम्बन्धी सेवा प्रवाहलाई छिटो छरितो एवं व्यवस्थित गर्न २०७२ सालदेखि उक्त पोर्टल प्रयोगमा ल्याएको हो । सरकारी अधिकारीहरूले उक्त प्रणालीको माध्यमबाट सेवा प्रवाह गर्दा वैदेशिक रोजगार प्रशासनलाई अभूतपूर्वरूपमा सुधार गरेको भन्दै आफ्नो उपलब्धिका रूपमा प्रचारप्रसार गर्ने गरेका छन् । तर उक्त प्रणाली प्रयोग गरेर व्यवसाय गर्ने व्यवसायी प्रणालीको भन्झटले आफूहरू 'रून न हाँस्नु'को अवस्थामा पुगेको बताउँछन् ।

प्रणालीमा देखिएका समस्या समाधानका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, मन्त्रालयका सचिव, विभागका महानिर्देशक, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तथा विभिन्न राजनीतिक दलका भ्रातृ संस्थाहरूलाई पटक-पटक आग्रह गरे पनि फेमिसको समस्या समाधानका लागि कसैले पनि विभाग र मन्त्रालयको

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### गणतान्त्रिकका जैसी र डिम्दोङ्ग सांसद उम्मेदवार सिफारिस



**काठमाडौं/मस–** आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि राष्ट्रव्यापीरूपमा उम्मेदवार सिफारिसको क्रम चलिरहेको छ । चार वर्षअघिको तुलनामा यस पटक वैदेशिक रोजगार व्यवसायीहरूले आफ्नो योगदान,

– बाँकी पृष्ठ २ मा


**मलेसियामा रोजगार** | कम्पनी : KAMPACHI RESTAURANTS SDN BHD
शहर : Malaysia,kuala Lumpur

पूर्व स्वीकृत मितिः २०७९/०५/२० | चलानी नं.: ६०१८६९७० | L.T. No.: 270950

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Restaurant Crew | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २९ गते (14 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ११३०/०७३/०७४

**रसुवा ओभरसिज प्रा. लि.**
एयरपोर्ट, कालिमाटीडोल, काठमाडौं, फोन : ५९०६४३९
E-mail : info@rasuwaoverseas.com, rasuwaoversease@gmail.com,
Web.: www.rasuwaoverseas.com

मध्यान्ह
www.madhyanhadaily.com
२२ भदौ २०७९, बुधबार
7 September 2022, Wednesday

# सन्तानलाई बाबुआमाप्रति जिम्मेवार बनाउने गरी ज्येष्ठ नागरिक ऐन

**काठमाडौं/मस–** महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले वृद्धवृद्धा बाबुआमाप्रति सन्तानलाई नै जिम्मेवार बनाउने गरी संसद्मा ज्येष्ठ नागरिक ऐन ल्याइएको बताएकी छिन् ।

इन्द्रेणी सांस्कृतिक समाजले मंगलबार आयोजना गरेको ज्येष्ठ नागरिकसम्बन्धी जनचेतनामूलक कार्यक्रममा उनले बाबुआमाबाट अंश लिने तर कर्तव्य पूरा नगर्ने क्रम बढेकाले यस्तो व्यवस्था गरेर ऐन ल्याउनुपरेको बताइन् । कतै सन्तान राक्षस बन्न थालेपछि यस्तो व्यवस्था गर्नुपरेको मन्त्री रेग्मीले सुनाइन् ।

‘वृद्ध बाबुआमाप्रति सन्तानले जिम्मेवारी पूरा नगरे राज्यले ज्येष्ठ नागरिकका लागि काम गर्छ, त्यस्ता बाबुआमाको सम्पत्ति पनि स्थानीय सरकारले लिन्छ, सम्पत्ति नै नहुने बाबुआमालाई पनि सरकारले पाल्छ, आयआर्जन गर्ने सन्तानले आयको १० प्रतिशत बाबुआमाका लागि दिनुपर्ने व्यवस्था यसमा गरिएको छ’, उनले भनिन् ।



ज्येष्ठ नागरिकसम्बन्धी नियमावली पनि मन्त्रालयले छिट्टै ल्याउने तयारी गरेको छ । वर्तमान कानूनी व्यवस्थाअनुसार सन्तानले बाबुआमालाई नहेरेको उजुरी छिमेकीले पनि दिन सक्ने गरी व्यवस्था गरिएको छ। नेपालबाट इजरायललगायत देशमा सुसारे (केयरगिभर) जाने गरेको उल्लेख गर्नुहुँदै मन्त्री रेग्मीले यससम्बन्धी तालिमको व्यवस्था नेपालमै गर्न खोजिएको बताइन् । तालिम लिएर बाबुआमाको हेरविचार गर्नुपर्ने नियम सरकारले बनाएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले ज्येष्ठ नागरिकलाई राज्यले सुविधा दिएकाले भावनात्मक सम्बन्ध भने सन्तानले नै दिनुपर्ने बताइन्। सन्तानको स्याहारसुसार, मायाको औषधि विज्ञानमा ठूलो महत्व रहेको उनले सुनाइन् । ‘बाबुआमालाई माया गर्ने नै नैतिकवान् नागरिक हुन्, बाबुआमा वृद्धवृद्धा भएका कर्मचारीलाई मैले घरपायक सरुवा गरिदिने गरेको छु’, मन्त्री भुसालले भनिन् ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री भवानीप्रसाद खापुङले ज्येष्ठ नागरिक संवेदनशील अवस्थामा रहने भएकाले सन्तानले ख्याल गर्नुपर्ने बताइन् । मन्त्रालयका तर्फबाट ज्येष्ठ नागरिकलाई सहज बनाउन आवश्यक सबै सहयोग गरिने वाचा उनले गरिन् ।

कार्यक्रममा समाजका अध्यक्ष कृष्ण कँडेल, कलाकार मनोज गजुरेल, गायकत्रय जीवन शर्मा, शिशिर योगी र दुर्गा रायमाझी, डा. भोला रिजाललगायतले वृद्धवृद्धा अवस्थामा बाबुआमालाई बढी माया गर्नुपर्ने बताउँदै आफूले जस्तो व्यवहार गरियो त्यो सन्तानले पनि सिक्ने भएकाले ज्येष्ठ नागरिकका विषयमा संवेदनशील हुन आह्वान गरेका थिए । समाजले समस्यामा परेका ज्येष्ठ नागरिकलाई सहयोग जुटाएर गर्जो टार्न योगदान गर्दै आएको जानकारी गराइएको थियो । कार्यक्रममा जागरणमूलक सांस्कृतिक प्रस्तुति पनि प्रस्तुत गरिएको थियो ।

# प्रधानमन्त्रीसँग भारतीय सेनाध्यक्षको शिष्टाचार भेट

**काठमाडौं/मस–** रक्षामन्त्रीको समेत कार्यभार सम्हालेका प्रधानमन्त्री शेरबहादुर देउवासँग भारतीयस्थल सेनाध्यक्ष जनरल मनोज पाण्डेले शिष्टाचार भेट गरेका छन्। प्रधानसेनापति प्रभुराम शर्माको औपचारिक निमन्त्रणामा आइतबार नेपालको औपचारिक भ्रमणमा रहनुभएका सेनाध्यक्ष जनरल मनोज पाण्डेले मंगलबार प्रधानमन्त्री देउवासँग प्रधानमन्त्रीको कार्यालय, सिंहदरबारमा शिष्टाचार भेटघाट गरेका प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द परियारले जानकारी दिए । यसअघि उनले शिवपुरीस्थित सैनिक कमाण्ड तथा स्टाफ कलेजको भ्रमण गरेर



कलेजको वस्तुस्थितिलगायत विविध पक्षबारे जानकारी लिएका थिए। भ्रमणकै क्रममा उनले उक्त कलेजमा तालिमरत सैनिक कमाण्ड तथा स्टाफ तालिमका शिक्षार्थी अधिकृतसँग अन्तर्क्रिया गरेका थिए। जनरल पाण्डेले बुधबार मुस्ताङमा अवस्थित मुक्तिनाथ मन्दिरको दर्शन गर्नु भई पोखरास्थित नेपाली सेनाको मध्य कमाण्ड हेर्डक्वाटरको भ्रमण गर्ने कार्यक्रम छ। सोमबार जनरल पाण्डेले राष्ट्रपति विद्यादेवी भण्डारीबाट नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्राप्त गरेका थिए।

# थप ३०० जनामा कोरोना

**काठमाडौं/मस–** पछिल्लो समय थप तीन सय जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार सो अवधिमा चार हजार पाँच सय ९० जनाको कोरोना परीक्षण गरिएको थियो । एक सय २४ जना कोरोनाबाट निको भइ घर फर्किएका छन् । निको हुने प्रतिशत ९८.६ प्रतिशत छन् । हाल सक्रिय सङ्क्रमितको संख्या



दुई हजार चार सय ५७ जना छ। कोरोना भाइरसको सङ्क्रमणबाट कसैको पनि निधन भएको छैन । हाल पाँच सयभन्दा बढी सङ्क्रमित भएको जिल्ला काठमाडौं तथा दुई सयभन्दा बढी सङ्क्रमित भएको जिल्ला ललितपुर छ । सङ्क्रमित शून्य भएका जिल्लामा मनाङ, मुस्ताङ, हुम्ला, डोल्पा, जुम्ला, पश्चिम रुकुम, मुगु र बझाङ छन्। यस्तै होम आइसोलेसनमा दुई हजार तीन सय आठ जना, संस्थागत आइसोलेसनमा एक सय ४९, सघन उपचार कक्ष (आइसियु)मा ३५ र भेन्टिलेटरमा तीन जनाको उपचार भइरहेको छ। पछिल्लो समय कोरोना भाइरसविरुद्धको खोप तीन लाख ५९ हजार ६५ जनाले लगाएका छन् ।

# दुर्घटनामा अङ्गभङ्ग भएकालाई मासिक १५ सय

**चौतारा/मस–** अरनिको यातायात प्रालिले बसमा यात्रा गर्दा दुर्घटना परेर अङ्गभङ्ग भएर घाइते भएकालाई आजीवन एक हजार ५०० भत्ता दिने भएको छ । समितिका सचिव तथा प्रवक्ता प्रभुराम थापाका अनुसार नवनिर्वाचित समितिको पहिलो बैठकले व्यवसायी भलाइ कोषमा क्रियाशील सदस्यको मृत्यु हुँदा रु पाँच लाख क्षतिपूर्ति दिनेमा त्यसलाई




बढाएर रु १० लाख बनाएकोसमेत प्रवक्ता थापाले बताए।

अरनिको यातायातका कर्मचारी बहालवाला रहेकै अवस्थामा अचानक निधन भएका खण्डमा रु तीन लाख दिने निर्णय बैठकले गरेको छ । मजदुर, चालक, सहचालकको रु पाँच लाखको दुर्घटना बीमाबापतको रकम दिने गरेकामा बैठकले रु १० लाख बनाउने निर्णय गरेको प्रवक्ता थापाले जानकारी दिए। समितिले दशैं, तिहार लक्षित गरेर यही भदौ २३ गतेदेखि अग्रिम टिकट बुकिङ खुला गर्ने भएको छ । अरनिको यातायातले काठमाडौं पूर्वका सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, रामेछापलगायतका जिल्लाका दुरदराजसम्म यातायात सेवा प्रदान गरिरहेको छ ।

## लम्बिएन...

वाक्यांशले कार्यकाल पूरा हुनु अगावै प्रतिनिधि सभाको निर्वाचन हुने भएमा मनोनयनपत्र दाखिला हुने अघिल्लो दिनसम्म व्यवस्थापिका-संसद कायम रहने व्यवस्था भएको आधारमा संवत् २०७४ सालमा प्रतिनिधिसभाको निर्वाचनको लागि समानुपातिक निर्वाचन प्रणाली बमोजिम उम्मेदवारको बन्दसूची पेश हुने अघिल्लो दिनसम्म मात्र व्यवस्थापिका-संसद कायम रहेको विगतको अनुभव छ । यसरी कुनै सभालाई प्रतिस्थापन गर्ने गरी अर्को निर्वाचन हुने अवस्थामा निर्वाचनमा उम्मेदवारी पेश हुने अघिल्लो दिनसम्म मात्र साविकको सभा कायम रहने सिद्धान्तलाई ग्रहण गरी सोही बमोजिम विगतमा अभ्यास समेत गरिसकेकोले समान अवस्थामा फरक किसिमको अभ्यास गर्ने कार्य उचित देखिएन,’ निर्वाचन आयोगले भनेको छ ।निर्वाचन आयोगको यस व्याख्या अनुसार प्रतिनिधिसभाको कार्यकाल असोज २ गते सकिन्छ ।

## टिआरसी...

मानवअधिकार वा मानवीय कानुन विपरीत गरिएका अमानवीय कार्यलाई मानवअधिकारको गम्भीर उल्लंघनमा राख्नुपर्ने भनी संशोधन प्रस्ताव दर्ता गरेका छन् ।

सत्य निरुपण तथा वेपत्ता आयोगले सिफारिस गरेअनुसार चल्ने मुद्दा हेर्न बन्ने विशेष अदालतका न्यायाधीशहरु न्याय परिषदको परामर्शमा नभई न्याय परिषदको सिफारिसमा हुनुपर्ने पनि एमालेको संशोधन छ ।

नेकपा माओवादी केन्द्रका सांसदहरुको तर्फबाट भने बेपत्ता पारिएको व्यक्तिको यथार्थ पत्ता लागेपछि मारिएको भए शहीद र मारिएको पुष्टि हुन नसके बेपत्ता योद्धा घोषणा गर्नुपर्ने भनी संशोधन परेको छ ।

कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति पोखरेलका अनुसार बिहीबार सरोकारवाला पक्षलाई बोलाएको छ । बिहीबार दिनभर जसो छलफल गरेर पीडित र सरोकारवालापक्षहरुको राय लिने तय भएको उनले जानकारी दिए ।

संशोधनकर्ता र पीडित पक्षको कुरा सुनेपछि समिति आन्तरिक छलफलमा जुट्ने सभापति पोखरेलको भनाई रहेको छ । नेताहरुका अनुसार यो विधेयकलाई अघि बढाउने विषयमा दलहरुबीच पनि सहमति भएको छ ।

सत्तापक्ष र प्रतिपक्षमा रहेका दलहरु शान्ति प्रक्रियालाई टुंगोमा पुर्‍याउन सबै दलहरु सहमत रहेको बताउँछन् । तर, अगाडि बढाउने सहमति भएपनि आएको प्रस्ताव संशोधन हुने वा नहुने, एमालेले भने अनुसार संशोधन गर्न सरकार तयार हुने नहुने निर्क्योल छैन् ।

नेकपा एमालेका संसदीय दलका उपनेता सुवास नेम्वाङ विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात् गरी शान्ति प्रक्रियाको बाँकी काम छिटो सक्न सबै दलहरु तयार रहेको बताउँछन्। विधेयक अगाडि बढाउँदै गर्दा सर्वोच्च अदालतका फैसलाका भावनाहरु, नेपालको अर्न्तराष्ट्रिय प्रतिवद्धताहरु, मानव अधिकारका मुल्य र मान्यता, पीडितहरुको चिन्ता र सरोकारका पक्षहरुलाई समेट्नुपर्नेमा पनि उपनेता नेम्वाङको जोड रहेको छ।

विशेषत पीडितहरुको जुन सरोकार छ त्यसमा यिनीहरु (सांसदहरु)ले बढी से बढी ध्यान पुर्‍याए है भन्ने देखिनेगरी जानुपर्छ। तर, हामीसँग धेरै समय छैन् । त्यसकारण यसलाई चाँडो टुंगोमा पुर्‍याउनुपर्छ भन्ने आवश्यकतालाई पनि ध्यानमा राखेर लागौं । यो विधेयकको बारेमा समिति चाँडो एउटा टुंगोमा पुग्नेगरी काम गरौं’ नेम्वाङले भने ।

तर, सत्तापक्ष प्रतिनिधिसभाको चालु कार्यकालमै टिआरसी विधेयक पारित गरी १० वर्षे सशस्त्र द्वन्द्वको घाउ अन्त्य गरी समाजमा मेलमिलापको वातावरण बनाएको सन्देश लिएर चुनावमा जान चाहन्छ । मुलुकका सबै राजनीतिक शक्तिबीच सहमतिमा संशोधन विधेयक अघि बढाउन सकियोस् भन्ने पनि सरकार र सत्तारुढ गठबन्धनको चाहना रहेको छ ।

‘यस विधेयकका सन्दर्भमा हाउसमा नयाँ कुरा नल्याउने ...हामी सबै सत्तापक्ष, प्रतिपक्ष बोलिराखेकै छौं । यो असाध्यै जरुरी, राष्ट्रिय जीवन, यसमा पक्ष र प्रतिपक्ष छैन भनेर सबैले स्वीकार गर्दै आएकै विषय हो’ मंगलबार कानून समितिको बैठकमा नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले भने ।

## प्रदेश १...

केन्द्रमा सत्तामा बस्नेले अधिकार मुठीमा राखे’, उनले भने। साथै उनले किराँत शब्द जात नभई सभ्यता भएको र उक्त सभ्यताको तोडमोड गर्दा विवाद भएको तर्क समेत गरेका छन्। प्रदेशको नामाकरणका लागि कोशी, सगरमाथा, कोचिला, किराँत, लिम्बुवान लगायत नामको प्रस्ताव आएका छन् । तर, के नाम राख्ने भन्नेमा सहमति जुटाउन नसक्दा प्रदेशका सांसद र मुख्यमन्त्रीको कार्यक्षमता माथि नै प्रश्न उठेको हो ।

तर, गत २०७२ मा जारी भएको संविधाले प्रदेशहरूको नाम सम्बन्धित प्रदेश सभाले टुङ्गो लगाउने व्यवस्था गरेको थियो । जस अनुसार प्रदेश २ मधेश, प्रदेश ३ बागमती, प्रदेश ४ गण्डकी, प्रदेश ५ लुम्बिनी, प्रदेश ६ कर्णाली र प्रदेश ७ सुदूरपश्चिम भइसकेका छन् । तर, प्रदेश १ ले कहिले नाम पाउँछ भन्ने टुंगो भने अझै लागेको छैन ।

## फेमिस ...

ध्यानाकर्षण गराएर काम गराउन नसकेको व्यवसायीहरूको गुनासो छ ।

व्यवसायीले डिमाण्ड प्राप्त गरेपछि वैदेशिक रोजगारमा पठाउने कामदारको छनोटका लागि वैदेशिक रोजगार ऐन २०६४ को दफा १६ तथा वैदेशिक रोजगार नियमावलीको नियम १६ (ख) बमोजिम ७ दिनको श्रमिक छनोट अवधि रहेको छ । यसअघि उक्त अवधि दुई वर्षको थियो ।

डिमाण्डमा उल्लेखित सीप अनुसारको श्रमिक प्राप्त गर्न नसकेको अवस्थामा पुनः सात दिनपछि विज्ञापन गरेर कामदार छनोट गर्नुपर्ने व्यवस्था फेमिसमा गरिएको छ । पाँच सय जनाको पूर्वस्वीकृति निकालेको व्यवसायीले सबै कामदार छनोट गर्न पटक-पटक गरी चार पटकसम्म दैनिक पत्रिकामा विज्ञापन गर्नुपर्ने बाध्यतामा आफूहरू रहेको व्यवसायीहरू बताउँछन् ।

विभागमा नयाँ महानिर्देशक आएपछि व्यवसायीहरूले खर्च एवं समय बचत गर्न र छनोट भएका श्रमिक वैदेशिक रोजगारमा नजाने अवस्था भए सहज ढंगबाट छनोट सूची सच्याउन पाउने व्यवस्था गर्न पटकपटक अनुरोध गर्दै एक पटक मागपत्रमा पूर्व स्वीकृति प्राप्त गरेपछि एक पटकभन्दा बढी विज्ञापन गर्नुपर्ने व्यवस्था हटाउनुपर्ने माग गर्ने गरेका छन् । तर व्यवहारमा समस्याले समाधान पाउन सकेको छैन ।

पछिल्लो पटक नवनियुक्त महानिर्देशक उमाकान्त आचार्यलाई भेटेका एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका महासचिव मधुकर रिजाल समस्याबारेमा गम्भीरतापूर्वक महानिर्देशक आचार्यको ध्यानाकर्षण गरेको बताउँछन् । तर महानिर्देशकको ध्यानाकर्षण गरेपनि समस्या ज्यूँका तिउँ रहेको अन्य व्यवसायीहरूको भनाइ छ ।

लामो समयसम्म फेमिसमा रहेका समस्याको समाधान नआउनुमा व्यवसायीहरूको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघ नेतृत्वले पनि चाहिनेजति मिहेनत गरी दबाब दिन र अडान लिन नसकेको कतिपय व्यवसायीको भनाइ छ। पछिल्ला दिनमा नेपाल आउने वैदेशिक रोजगारको डिमाण्ड बढेको, तर प्रणालीमा सुधार नभएका कारण डिमाण्ड अनुसार कामदार पठाउन नसकिने कतिपय व्यवसायीहरूको भनाइ छ ।

संघको समस्या सहजीकरण प्रतिनिधि कर्णराज कटुवालले तत्कालीन महानिर्देशक डा. भिष्मराज भुसालको पालादेखि समस्याको समाधानका लागि पटक-पटक आग्रह गरिएको बताए।

फेमिस समस्याको विषयमा वर्तमान श्रममन्त्री शेरबहादुर कुँवर आएपछि मन्त्रालयका सचिव एकनारायण अर्याल, वैदेशिक रोजगार विभागका तत्कालीन महानिर्देशक शेष नारायण पौडेलसहित सामाजिक सुरक्षा कोष, अध्यागमन विभाग, कन्सुलर विभाग, राहदानी विभाग, सूचना प्रविधि विभाग, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागलगायतका कर्मचारीको सहभागितामा छलफल भई समस्याको समाधानका लागि कार्यदलसमेत गठन गरिएको छ। तर प्रणालीमा रहेको समस्या समाधानका लागि कतैबाट ठोस् पहल नहुँदा आफूहरू निराश भएको एक व्यवसायी बताउँछन् ।

## गणतान्त्रिकका...

त्याग र भविष्यमा राष्ट्रका लागि गर्नसक्ने योगदानका आधारमा प्रतिनिधिसभा तथा प्रदेशसभाका लागि आफ्नो उम्मेदवारी प्रस्तुत गरिरहेका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका महासचिव कुन्छा दोर्जे डिम्दोङ्ग प्रतिनिधिसभाको समानुपातिकतर्फ सिफारिस भएका छन् । डिम्दोङ्ग नेकपा माओवादी केन्द्र उपत्यका विशेष उद्यमी व्यवसायी महाशाखा समितिमार्फत प्रतिनिधिसभाको समानुपातिक सदस्यका लागि सिफारिस भएका हुन् ।

पार्टीको उद्यमी व्यवसायी महाशाखा समितिको उपाध्यक्ष रहेका व्यवसायी डिम्दोङ्ग नेकपा माओवादी केन्द्रको श्रम तथा रोजगार विभागका पनि सचिवालय सदस्य हुन् । शहीद परिवारको सदस्य पनि भएकाले प्रतिनिधिसभाको समानुपातिक सदस्यमा पार्टीले उम्मेदवार बनाउने बलियो सम्भावना रहेको बताइन्छ ।

मञ्चका अध्यक्ष धनलाल जैसी म्याग्दीबाट गण्डकी प्रदेशसभा सदस्यको प्रत्यक्षतर्फ उम्मेदवार सिफारिस भएको बताइएको छ । मञ्चका अध्यक्ष जैसी म्याग्दीबाट गण्डकी प्रदेशसभा सदस्य र नेकपा माओबादी केन्द्र वैदेशिक रोजगार साखा कमिटीका अध्यक्ष रहेका पार्टीमा लामो समयदेखि विभिन्न तहमा काम गर्दै आएका ओम न्यौपाने लमजुङ जिल्ला क्षेत्र नं १ (क) प्रदेश सदस्यमा प्रत्यक्षतर्फ सिफारिस भएको बताइएको छ ।


## बर्जु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**अमाहिबेल्हा, सुनसरी**

**प्रदेश नं.१, नेपाल**

### बर्जु गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

# 'अवैध संरचना भत्काउने काम कसैले रोक्न सक्दैन'

**काठमाडौं /मस-** काठमाडौं महानगरपालिकाले अवैध रूपमा निर्माण गरिएका र सार्वजनिक जग्गा मिचेर निर्माण गरिएका सम्पूर्ण संरचना भत्काउने काम कसैले रोक्न नसक्ने भन्दै यसलाई निरन्तर अघि बढाउने जनाएको छ । अहिले कामपाले कानूनविपरीत निर्माण भएका सम्पूर्ण संरचना अवैध रहेकाले नक्सा पास नगरी निर्माण भएका र नक्सा पासअनुरूप निर्माण नगरिएका दुवै संरचना भत्काउने काम निरन्तर गर्ने जनाएको हो । कानूनी रूपमा अवैध ठहर भएका सबै संरचना भत्काउने काम निरन्तर गरिने र त्यसका लागि कामपाले नक्साअनुरूप बैध, अवैध यकिन गरिरहेको कामपाका नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले बताए। 'नक्साविपरीतका संरचना, नक्सा पास नगरी निर्माण भएका संरचना र सार्वजनिक जग्गा मिचेर बनाएका सबै संरचना भत्काउने काम कामपाको कर्तव्यभित्र पर्छ', उनले भने ।

'यो कामलाई अभियानका रूपमा सञ्चालन गरिने र महानगरको ३२वै वडामा निर्माण भएका यस्ता कुनै पनि संरचना बाँकी राखिने छैन', महानगर प्रमुख बालेन्द्र शाहको सचिवालय सदस्य सुनिल लम्सालले भने ।

संरचना निर्माणका सम्बन्धमा पहिला कागजपत्र देखाउन सम्बन्धित व्यक्तिलाई आग्रह गरिने र गलत प्रमाणित भए थप कानूनी प्रक्रिया अघि बढाउन कामपाले



३५ दिने सार्वजनिक सूचना जारी गरेको र उक्त सूचनाको बेवास्ता गरिएकाले यही भदौ ६ गतेदेखि अवैध संरचना भत्काउने काम सुरु गरिएको हो।

**कहाँ कहाँ भत्काइए अवैध संरचना?**

उक्त अभियानअन्तर्गत हालसम्म बानेश्वर कम्प्लेक्स तथा काठमाडौं मलका अवैध संरचना, आरवी कम्प्लेक्सका करिब १४ वटा साना पसल र बानेश्वरमा रहेको अल्फाबिटामा पनि निर्माणविपरीत प्रयोग भएका संरचना भत्काइएका छन् ।

त्यस्तै त्रिपुरेश्वरको वल्ड ट्रेड सेन्टरमा राखिएको विद्युतीय विज्ञापन पनि महानगरप्रमुख साहको निर्देशनमा हटाइसकेको छ । एक साताअघि वनस्थली चोकबाट ढुंङ्गेधारा जाने बाटोमा रहेको सात टहरा र तीन वटा भत्याङ पनि कामपाले डोजर लगाएर भत्काइसकेको छ ।

त्यसैगरी विगत दुई दिनमा कामपाले बालाजु नयाँ बसपार्क आसपास र कोटेश्वरमा गरी एक सय बढी कानूनविपरीत निर्माण भएका संरचना भत्काएको छ । आइतबार कोटेश्वर प्रहरीचौकी नजिकैको ५० भन्दा बढी अवैध संरचना भत्काइएको थियो भने सोमबार पनि बसपार्कबाट गोङ्बुतर्फ २० मिटर अगाडि मित्रनगरमा रहेको ५० भन्दा बढी अवैध संरचना भत्काइएको कामपाले जनाएको छ । यसरी भत्काइएका संरचनाअन्तर्गत सडक पेटी मिचेर बनाइएका सटर, टहरा, सटर अगाडिका छत र सडक मिचेर बनाइएका भर्याङ रहेको कामपाको भनाइ छ ।

अवैध रूपले बनाइएका संरचना घरधनीलाई नै भत्काउन वा निर्माण गरिएअनुसार प्रयोग गर्न लगाउन ३५ दिने सूचना जारी गरिएको थियो । सार्वजनिक सूचना बेवास्ता गरेपछि ती संरचनामा डोजर चलाउन कामपा बाध्य भएको नगर प्रहरी पाण्डेको भनाइ छ । अवैध संरचना हटाएसँगै हाल उपत्यकामा भइरहेको पार्किङको समस्या २५ प्रतिशतले समाधान हुनाका साथै ट्राफिक व्यवस्थापनमा सहयोग पुग्ने कामपाले विश्वास लिएको छ । हाल बेसमेन्ट र अन्डरग्राउन्ड पार्किङ राख्ने सर्तमा कर छुट लिइरहेका ३५ वटा भवन रहेको कामपाले जनाएको छ । ती सबैलाई कानूनी दायरामा ल्याउने तयारी छ ।

**असनका फुटपाथमा नभत्र**

अवैध संरचना हटाउन निरन्तर लागिरहेको कामपाको ध्यान आज असन र इन्द्रचोकमा अस्तव्यस्त रूपमा सञ्चालन भइरहेका पसलतर्फ गएको छ। अहिले यस क्षेत्रका फुटपाथको व्यापार हटाउने कामसँगै अव्यवस्थित हुने गरेको पार्किङ पनि व्यवस्थापन गर्ने काम भइरहेको नगर प्रहरी प्रमुख पाण्डेले बताए। सडकपेटीसम्म राखिएको केही सामग्री आज नै हटाए पनि फुटपाथमा राखेका भाँडाकुँडा, खेलौना पसल, फेन्सीका सामान, माटाका सामग्री बुधबार बिहानसम्म हटाउन निर्देशन दिइएको उनले बताए ।

## रुकुम पश्चिम डायरी

सत्य बटाला/मध्यान्ह

# शहीद परिवारको निःशुल्क स्वास्थ्य बीमा



आठबिसकोट नगरपालिकाले नगरभित्रका शहीद परिवारको निःशुल्क स्वास्थ्य बीमा गर्ने निर्णय गरेको छ । नगर प्रमुख रबि केसीको अध्यक्षता बसेको नगरको ७४ औं कार्यपालिका बैठकले सम्पूर्ण शहीद परिवारहरूको निःशुल्क बीमा गर्ने निर्णय गरेको नगर प्रवक्ता देव बहादुर घर्तीले जानकारी दिए ।

यस्तै, बैठकले भदौ २६ गते जनप्रतिनिधि, कृषि र पशु शाखाका कर्मचारी र कृषकबीच अन्तरक्रिया कार्यक्रम गर्ने, आठबिसकोट नगर शिक्षा समितिको महत्वपूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरेको छ । यस्तै, शहीद नमूना माबि र दिपज्योति आबी मर्ज गर्ने प्रधानध्यापकको कार्यसम्पादन सम्झौता गर्ने, विद्यालय अनुगमन गर्ने निर्णय गरेको छ ।

यस्तै, कार्यपालिका बैठकले पढ्दै कमाउँदै कार्यक्रमलाई सहयोग गर्ने गरि १ जना कपडा कटिङ शिक्षक नियुक्त गर्ने, ठुली भेरी, गिजागाड खोला लगायत १ देखि १४ वडासम्मका सबै खोलाको ढुङ्गा रोडा गिट्टी बालुवा माटो तानिएको भन्ने जनगुनासो आयकाले तुरुन्तै बन्द गर्ने, अटेरी गर्नेलाई कानुनी दायरामा ल्याउने, सबै वडाका बजार तथा गाउँ बस्तिका पसल अनुगमन गर्ने, नगरपालिकाको कार्यलयमा क्यान्टिन संचालनका लागि कोटेसन आह्वान गर्ने, स्वास्थ्य क्षेत्रको अनुगमन मुल्यांकन तथा सुपरिवेक्षण निर्देशिका २०७९ अनुमोदन गर्ने निर्णय गरेको छ ।

त्यस्तै नगर प्रहरी कार्यालय प्रमुखमा निराज विकलाई जिम्मेवारी दिने, आठबिसकोट नगर अस्पतालको व्यवस्थापन समितिको उपाध्यक्षमा टिकाराम सुनारलाई सिफारिस गर्ने, वर्ष यामको कारण अवरुद्ध सम्पूर्ण सडक तुरुन्तै सञ्चालनमा ल्याइने, नगरपालिकाका सम्पूर्ण सरोकारवाला, जनप्रतिनिधि, कर्मचारी, तथा आम जनसमुदायलाई महिनाको १ अनिवार्य श्रमदान जोड्ने, आठबिसकोट नगरपालिकामा नापी कार्यालय तथा मालपोत कार्यलय स्थापनाको लागि आवश्यक पहल गर्ने, कृषि तथा पशु सम्बन्धी तथ्याङ्क संकलन गर्न आवश्यक कर्मचारी नियुक्त गर्ने निर्णय भएको नगर प्रवक्ता घर्तीले जानकारी दिए ।

# थुमा नेटिलेखको टावर अवरुद्ध

रुकुम पश्चिम, २१ भदौ । रुकुम पश्चिमको नेटिलेखमा रहेको नेपाल टेलिकमको टावर अवरुद्ध बनेको छ । जिल्लाको आठबिसकोट नगरपालिका वडा नम्बर १ मा रहेको थुमा नेटिलेखमा रहेको टावर गत असार २२ गते दिउँसो परेको चट्याङले गर्दा अवरुद्ध बनेको थियो । निरन्तरको वर्षा र सडकको पहुँच नभएका कारण सामान धुवानी नहुँदा टावर मर्मतका लागि समस्या भएको वडा अध्यक्ष देव बहादुर घर्तीले बताए । चट्याङले गर्दा फोर जी, थ्री जी र टु जीको ट्रान्समिटरमा क्षति पुगेको नेपाल टेलिकमले जनाएको छ । अब केही दिनमा सडक मर्मत गरेर सामान धुवानी ढुवानी पछि टावर सञ्चालनमा ल्याइने वडा अध्यक्ष घर्तीले बताए ।

# डेंगु नियन्त्रणमा प्रभावकारी कदम चाल्न आयोगको आग्रह




**काठमाडौं /मस-** राष्ट्रिय मानवअधिकार आयोगले सरकारलाई डेंगु नियन्त्रणमा प्रभावकारी कदम चाल्न आग्रह गरेको छ । आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले डेंगुको सङ्क्रमण बढ्दै गएकाले नियन्त्रण गर्न प्रभावकारी कदम चाल्न सङ्घ, प्रदेश र स्थानीय तहलाई आग्रह गरेका हुन् । कोरोना महामारी कायमै रहेको अवस्थामा हाल देशव्यापीरूपमा फैलिँदै गइरहेको डेंगु रोगका कारण नागरिकको स्वास्थ्यमा पर्न गएको जोखिमको अवस्थाप्रति राष्ट्रिय आयोगले ध्यानाकर्षण भएकोसमेत जनाएको छ ।

'बिरामीको संख्या दिनप्रतिदिन बढिरहेको अवस्थामा यसको नियन्त्रण तथा रोकथामका लागि सम्बन्धित निकायको यथेष्ठ ध्यान पुग्न नसक्दा नागरिकको जीवन नै जोखिममा पर्न गएको र तीन तहका सरकारबीच प्रभावकारी समन्वय हुन नसकेको जस्ता विषय विभिन्न सञ्चारमाध्यमका साथै अन्य विभिन्न माध्यमबाट आयोगलाई जानकारी प्राप्त भएका छन् ।' आयोगले भनेको छ ।

डेंगु सङ्क्रमणबाट नेपालमा यही भदौ महिनामा एक जनाको ज्यान जानुका साथै पछिल्लो समय पाँच हजार बढी व्यक्ति बिरामी परेको पाइएको विज्ञप्तिमा उल्लेख गरिएको छ । आयोगले नागरिकको स्वास्थ्यसम्बन्धी हकको संरक्षण गर्दै जीवनको अधिकार सुनिश्चित गर्न, डेंगु सङ्क्रमण गराउने जातका लामखुट्टे उत्पादन हुने तथा फैलिन सक्ने ठाउँहरू पहिचान गरी नष्ट गर्ने कार्यमा तीनै तहका सरकारबीच प्रभावकारी समन्वय र सहकार्य गर्नसमेत विज्ञप्तिमा आग्रह गरिएको छ ।

डेंगु नियन्त्रण तथा रोकथामका लागि सरसफाइ, जनचेतनालगायत कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउन आयोग तीनै तहका सरकारलाई आग्रह गरेको छ ।

# लुम्बिनी अस्पतालको भवन ठेक्का यथास्थितिमै राख्न आदेश




**बुटवल/मस-** लुम्बिनी प्रादेशिक अस्पताल बुटवलको भवन ठेक्का प्रक्रियालाई यथास्थितिमा राख्न उच्च अदालत तुलसीपुर बुटवल इजलासले अन्तरिम आदेश दिएको छ । गत साउन २५ गते न्यायाधीश रामप्रसाद ओलीको इजलासले ठेक्का प्रक्रिया अघि नबढाउन अल्पकालीन अन्तरिम आदेश जारी गरेकामा गत शुक्रबार अन्तरिम आदेशमार्फत त्यसलाई निरन्तरता दिएको हो ।

अस्पतालको बोलपत्र प्रक्रियामा अनियमितता भएको भन्दै मुख्यमन्त्री कार्यालय र प्रदेश पूर्वाधार प्राधिकरणलाई विपक्षी बनाई उत्प्रेषण परमादेश समेतको निवेदन दर्ता भएपछि उच्च अदालत तुलसीपुर बुटवलले इजलासले सो आदेश दिएको थियो । अदालतका न्यायाधीशद्वय रमेशराज पोखरेल र कृष्णबहादुर थापको इजलासले बोलपत्रको मापदण्डमा समेत फरक पर्ने गरी चार पटकसम्म बोलपत्र संशोधन गरेको देखिएको र बोलपत्रबारे सार्वजनिक खरिद अनुगमन कार्यालयले प्राधिकरणलाई दुईपटक पत्र पठाएर ध्यानाकर्षण गराएको भन्दै सुविधा र सन्तुलनको दृष्टिबाट अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिने आदेश दिएको उच्च अदालत बुटवल इजलासका सूचना अधिकारी सुवर्णप्रसाद खनालले जानकारी दिए ।

भदौ १७ गते पेश भएको उक्त मुद्दामा रिट निवेदकको तर्फबाट अधिवक्ता वासुदेव रिजाल र राजकुमार ढकालले बहस गरेका थिए । प्रदेश पूर्वाधार विकास प्राधिकरण र लुम्बिनी प्रदेश सरकारको तर्फबाट लुम्बिनी प्रदेशका मुख्य न्यायाधिवक्ता श्रीकृष्ण सुवेदी, अधिवक्ता दिनामणि पोखरेल, बीरेन्द्र खड्का र रेगबहादुर विष्टले बहस गरेका थिए ।

यसअघि अदालतले भदौ १ गतेसम्मका लागि ठेक्का प्रक्रिया रोक्का गर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । यसअघि सार्वजनिक खरिद अनुगमन कार्यालयले लुम्बिनी प्रादेशिक अस्पतालको नयाँ भवन निर्माणका लागि भएको ठेक्कामा 'सेटिङ' भएको निस्कर्ष निकाल्दै सच्याउन निर्देशन दिएको थियो ।

बोलपत्रका सर्तहरूका आधारमा निश्चित निर्माण व्यवसायीले भवनको ठेक्का पाउने गरी अस्पतालको बोलपत्र आह्वान भएको सूचना बाहिरिएपछि अदालतले तत्काल प्रक्रिया अगाडि नबढाउन आदेश दिएको हो । प्रदेश विकास पूर्वाधार प्राधिकरणले असार ९ गते रु छ अर्ब ७० करोडको लागतमा भवन बनाउन आह्वान गरेको बोलपत्र निश्चित निर्माण व्यवसायीलाई दिने गरी प्रावधान राखिएको र 'सेटिङ'मा ठेक्का लगाइएको भन्दै निर्माण व्यवसायी कम्पनीले विरोध गर्दै आएका छन् ।

# सर्वोच्चको न्यायाधीशमा तीन जनाको नाम सिफारिस




**काठमाडौं /मस-** सर्वोच्च अदालतको न्यायाधीशका लागि तीन जनाको नाम सिफारिस भएको छ । न्याय परिषद्को मंगलबार बसेको बैठकले उच्च अदालतका मुख्य न्यायाधीश निता गौतम दीक्षित, र उच्च अदालतका कायम मुख्य न्यायाधीश विनोद शर्मा गौतम र वरिष्ठ अधिवक्तासमेत रहेका प्राध्यापक डीएन पराजुलीको नाम सिफारिस भएको हो ।

हाल सर्वोच्च अदालतमा दुई न्यायाधीशको पद रिक्त छ । एक महिना पछि रिक्त हुने पदका लागि पनि सिफारिस गर्न सकिने कानुनी व्यवस्था अनुसार हाल तीनजनाको नाम सिफारिस गरिएको हो । कायम मुकायम प्रधानन्यायाधीश दीपककुमार कार्की आगामी असोज १६ गतेदेखि ६५ वर्षे उमेर हदका कारण अवकाशमा जान लागेका छन् । उनको स्थानमा समेत पदपूर्ति गर्ने गरी सिफारिस गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/२२**

**वाल्टन इलेक्ट्रोनिक्स नेपाल प्रा.लि.** को मिति २०७६/०१/०५ गते मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मिराकल इलेक्ट्रोनिक्स नेपाल प्रा.लि. (प्रा. लि. नं.: २११५५०)**, कायम गर्ने गरी मिति २०७६/०१/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# काठमाडौं उपत्यकामा एकैदिन ३ हजार ८ सय सवारी चालकलाई कारबाही



**काठमाडौं /मस-** ट्राफिक प्रहरीले काठमाडौं उपत्यकामा एकैदिन ३ हजार ८ सय जना सवारी चालकलाई कारबाही गरेको छ । ट्राफिक नियम उल्लंघन गरेका कारण उनीहरूलाई उपत्यकाको विभिन्न स्थानमा कारबाही गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । कारबाहीमा पर्नेमा मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने १५६, लेन अनुशासन पालना नगर्ने १३५, रेड लाइटमा सवारी साधन चलाउने ९५, निषेधित क्षेत्रमा हर्न बजाउने २४१, नम्बर प्लेट राम्रोसँग नराख्ने ३२ जना सवारी चालक रहेका छन् । यस्तै ३ हजार १४१ जना सवारी चालकलाई अन्य कारबाही गरिएको कार्यालयले जनाएको छ ।

**ओमनमा रोजगारको अवसर**

कम्पनी : SAHOOL HAIMA TRADING
शहरः HAIMA

पुर्व स्वीकृत मितिः २०७९/०५/२१ चलानी नं.: ६०१८७०२४ LT. No.: 271365

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MAKER UP(FEMALE) | 0 | 1 | स. काममा दक्ष | 170 | ५६,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ भदौ २९ गते (14 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इ. पत्र नं. ७६७/०६४/०६५

**सेफल्याण्ड ओभरसिज प्रा. लि.**

Office Address : Gongabu, Townplanning-26 Kathmandu, Nepal.
Tel No.: 4380116, 4380115, 4353651 | Mobile No.: 9813199445

**Letang Municipality**
**Office of The Municipal Executive**
**Letang, Morang**
1 No. Province, Nepal

**Invitation for Online Bids**

**Date of publication: 07 September 2022**

1. **Letang Municipality**, Morang invites electronic bids from Nepalese eligible bidders for the construction of Works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office of Letang Municipality, Morang or may visit PPMO website.
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 10-10-2022 12:00. Bids received after this deadline will be rejected.

| S. N. | Contract Identification No. | Name of the Project | Bid Security (Nrs) | Cost of Bidding Documents |
|---|---|---|---|---|
| 1. | LM/MOR/NCB/ W/01/079/80 | Construction of Shanti Bhagawati Ma. Bi. Hostel Building | 6,00,000.00 | 5,000.00 |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२२ भदौ २०७९, बुधबार
7 September 2022, Wednesday

सम्पादकीय

## माननीयको मान

प्रतिनिधिसभा र प्रदेश सभाको कार्यकाल लम्ब्याउने सरकारी प्रयास विफल भएको छ । संविधानले प्रतिनिधिसभाको कार्यकाल ५ वर्षको तोकेको भनी सरकारले मनोनयन दर्तापछि पनि प्रतिनिधिसभा रहने र पुनः उम्मेदवार नभएका सांसदहरूले चुनावपछिको पहिलो बैठक नबस्दासम्म सांसदको हैसियतमा काम गर्न सक्ने, प्राप्त सेवा सुविधा पनि पाइरहने गरी कानुन बनाउन खोजेको थियो । तर, यस्तो प्रयासको विरोधमा आम सञ्चार माध्यम, बौद्धिक समाज, निर्वाचन आयोग र स्वयं सांसदहरूले प्रश्न उठाए । परिणामत फास्ट ट्र्याकमा बढाउन खोजिएको प्रतिनिधिसभा र प्रदेश सभाको कार्यकाल लम्ब्याउने प्रयास विफल हुन पुगेको छ । असल मनसायका साथ विधेयक ल्याएको भए पनि स्वयं सांसदहरू तयार नभएको भन्दै कानुन न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द बन्दीले प्रतिनिधि सभा र प्रदेश सभाको कार्यकाल लम्ब्याउने प्रस्तावित व्यवस्था पुरै हटाउन सरकार तयार जानकारी संसद्लाई गराए, जसलाई प्रतिनिधिसभाका सांसदहरूले स्वीकृत गरिदिए ।

मंगलबार प्रतिनिधिसभा सदस्यहरूले आफ्नो कार्यकाल लम्ब्याउने गरी आएको प्रस्ताव बदर गरिदिएसँगै संसदलाई हेर्ने सरकारी दृष्टिकोणमा समेत परिवर्तन हुने अपेक्षा गर्न सकिन्छ । किनभने पाँच दलीय गठबन्धनको सरकार छ । गठबन्धनको संसदमा स्पष्ट बहुमत छ । तर, सरकार बहुमतमा छँदा छदै सरकारी प्रस्ताव विफल हुन पुगेको छ । त्यो पनि सत्तारूढ सांसदहरूकै विरोधमा । सरकारको नेतृत्व नेपाली कांग्रेसले गरिरहेको छ । तर, कांग्रेसकै सांसदहरूले प्रतिनिधिसभा र प्रदेश सभाको कार्यकाल लम्ब्याउने सरकारी प्रस्ताव पुरै हटाउन संशोधन हाले । अर्थात, आफ्नै सरकार भए पनि आँखा चिम्लेर पास गर्दिैन भन्ने सन्देश सांसदहरूले दिएका छन् ।

सरकार बनाउने, आफैँले बनाएको सरकारको कामकारवाहीमाथि निरन्तर रखवारी, खबरदारी गर्ने दायित्व विधायिकाहरूको हो । विधायकको अर्को मुख्य काम विधि (कानून) निर्माण गर्नु हो । तर, कानून बनाउँदा स्वार्थ समूहबाट प्रेरित हुने गरेको आरोप समेत कतिपय अवस्थामा सांसदहरूले खेप्दै आएका छन् । तर, मंगलबार सांसदहरू यसरी प्रस्तुत भए जसका सामु सरकार आफ्नै समर्थक ठानिएका सांसदहरूको विरोधका अगाडि टिक्न सकेन । आफ्नो कार्यकाल आफैँ लम्ब्याएर सेवा सुविधा लिएको आरोप खेप्नबाट सांसदहरू आफैँ बचेका छन् । अनेक प्रश्नहरू अनेक प्रसंगमा खेपेका भए पनि यसपटक सिंगो ससदले, सबै माननीयहरूले सिंगो संसदको र स्वमं माननीयहरूको मान राख्न सफल भएका छन् । मंगलबार प्रकट भएको माननीयको मान निरन्तर बाँचिरहोस् ।

# मिटर ब्याजको चक्र

*'५० रूपैयाँको तमसुक' नामक नाटकपछि कम्युनिष्ट बनेका अनि 'जग्गा कसको जोत्नेको, घर कसको पोत्नेको' भन्ने कृषि क्रान्तिका नारा अघि सार्दै १० वर्षे जनयुद्ध हाँक्नेहरू नै अहिले सत्तासीन छन् । तर, यिनीहरूलाई मिटर ब्याज पीडितहरूको कुनै मतलब छैन ।*

अग्रलेख




● विनबहादुर कुँवर

पूँजीवादी राज्य व्यवस्थाको आर्थिक लेनदेनमा ब्याज लिने-दिनेलाई वैधानिकता नै मानिन्छ । तर, यसको कारोबार कुनै वैधानिक वा कानूनी आर्थिक संस्थाद्वारा गरिएको हुनुपर्दछ । नेपालमा अहिले यसको कारोबार वैधानिकरूपले सरकारी तथा निजी वित्तीय संस्थाजस्तो विभिन्न खाले बैंक अनि सहकारी संस्थाबाट हुने गरेको छ । तैपनि नेपालको पुरानो चलन चल्तीअनुसार व्यक्तिगतरूपले तमसुक लेखी वा घर जगा धितो राखेर पनि यस्तो आर्थिक कारोबार हुने गरेको छ । तर, गाउँघर वा शहरमा यो सबै झन्झटतिर भन्दा आपसी व्यक्तिगत सहमतिका आधारमा यस्ता कारोबार हुने गरेका छन् । यो नै अहिले राज्य र जनताका लागि ठूलो आर्थिक लेनदेनको समस्या बनेको छ । यसैअन्तर्गत अहिले 'मिटर ब्याज' नामको आर्थिक कारोबार बढी चर्चामा छ । विभिन्न नामका ब्याज जुनमाथि भनियो पहिलेदेखि नै भन्ने र हुने गरेको थियो । तर, यो ब्याज एकदमै नयाँ खालले देखापरेको छ । नाम जे भने पनि यो पुरानो सामन्ती शोषणअन्तर्गतको जाली र ठगी ब्याजदर हो । वैधानिकरूपमा यस प्रकारका आर्थिक कारोबार गर्दा अलि बढी झन्झट र सास्ती व्यहोर्नु पर्ने भएकाले सजिलोको लागि घरायासी व्यवहारका नाममा पुरानै तरिकाले सामान्य तमसुकको आधारमा यस्ता कारोबार हुँदै आएको थियो र अहिले पनि छ । तर केही सामन्ती, जाली र ठगहरुले यसलाई भने आफ्नो ठूलो कमाउभन्दा बनाउन थालेका छन् । समस्यागत पीडित पक्षको विवशतालाई उपयोग गर्दै यी ठगहरुले आफू कानूनी र वैधानिकरूपले बँच्नका लागि पहिले नै धितो राखिएको जमिन वा घर घडेरीलाई मालबाट नै आफ्नो नाममा रजिष्ट्रेशन पास गराउने समेत गरेका छन् ।

उनीहरुले ऋणीलाई दिइएको रकमभन्दा दोब्बर रकम बनाई पास गरेका हुन्छन् । धेरैजसो ऋणीलाई त्यसको जानकारी नै हुँदैन र दिइन्न पनि । आर्थिक समस्या र अज्ञानता अनि इमानदारिता र विश्वासका आधारमा यो सबै उनीहरुले जान्न र बुझ्न पनि चाहान्छन्, जे भन्छन् त्यही गर्छन् र पास दिन्छन् । कतिपयले यो बुझेर जाने अनि भने पनि बिचौलिया-दलालहरुले विभिन्न बाहना बनाई त्यतिबेला उनीहरुलाई चित्त बुझाउने काम गर्दछन् । चित्त नबुझे पनि विवशता र बाध्यताले उनीहरु त्यसैअनुसार गर्न बाध्य भएका हुन्छन् । यसरी व्यवहारिकरूपले घर जग्गा उनीहरुको भनिए पनि कानूनी र वैधानिकरूपले त्यो सबै साहुकै हुन्छ ।

समय-समयमा बोलीअनुसार सय कडा ३-५ रूपैयाँसम्मको साहुँ ब्याज उनीहरुले तिर्दै आए पनि त्यसको स्पष्ट आर्थिक अभिलेखा राखिँदैन । राखे पनि त्यसको कागजी जानकारी ऋणी पक्षलाई दिइँदैन । ऋणीले सबै साहुँ ब्याज बुझाइसकेको हुन्छ । तर, समयमै त्यसलाई फिर्ता गर्न अनेक बहानाबाजी गरिन्छ । फिर्तै गर्ने परे पनि राजीनामा बढाई लेखिएको दोब्बर रकम देखाई त्योअनुसार चाहियो भनिन्छ । अझ समय-समयमा साहुँ ब्याज बुझाउन नसक्ने ऋणीहरुको त 'मिटर ब्याज' जस्तो विद्युत मिटरको रिङ घुमे जस्तै त्यो अघि बढिरहेको हुन्छ । मासिक र दिनका कुरा त परै छाडौं घण्टा-घण्टा र मिनेट मिनेटमा रकम गाभिँदै र बढ्दै जान्छ । ऋणीले सबै त्यो आर्थिक ऋण बुझाईरहे पनि त्यो कहिले पनि सकिँदैन । अन्ततः यसबाट ऋणीको उठिबास हुनुको अर्को विकल्प नै हुन्न र भई पनि रहेको छ । मिटर ब्याजे ऋणी किसानहरुको चालु आन्दोलन यसैको उपज हो ।

मिटर ब्याजको कारण देशका हजारौं किसान-मजदुर उठिबास र घरबारबिहीन भइरहेका छन् । तर, न्याय निसाफ केही पाएका छैनन् । सम्बन्धित निकायहरुमा उजुरी गरे पनि त्यसको उजुरी लाग्ने गरेको छैन । पहिलो कुरा यी सम्बन्धित सरकारी निकायहरु जस्तो प्रहरी, जिल्ला प्रशासन र अदालतले यस्तो उजुरी नै लिन मान्दैनन् । किनभने पहिले नै बिचौलिया-दलालहरुबाट उनीहरु किनिइसकेका हुन्छ । नकिनिए पनि कानूनी अड्चनका कारण उनीहरुले यसलाई अघि बढाउन चाहान्नन् । तैपनि कतिपयले अघि बढाउन चाहे भने पनि पार्टी नेता र मन्त्री-सांसदहरुको फोनका कारण उनीहरुले केही गर्न सक्ने स्थिति नै रहन्न । यी मिटर ब्याजे ठेकेदार अनि यसका बिचौलिया-दलाल यो देशका ठूला भनिने कुनै न कुनै दलका नेता वा ठूला चन्दादाता भएकै हुन्छ । यी विचरा ! गरिब किसान-मजदुरहरुबाट यी दलाल नेताहरुले पाउने नै के छ र ? पाए खाली एउटा भोट मात्र । तर, यी साहुँ भनिने मिटर ब्याजे र यसका बिचौलिया र दलालबाट त नेताहरुले 'भोट' मात्रै होइन आफूले चाहेअनुसारको 'नोट' अनि निर्वाचन जित्नका लागि थुप्रै 'लठैत-डनहरु' पनि पाउँछन् । अनि कसरी हुन्छ त यी बिचरा ! किसान-मजदुरको न्याय-निसाफ ?




> *वास्तवमा 'मिटर ब्याज' सञ्चालक केही साहु महाजन मात्र होयनन्, स्वयम् यो सरकार अनि यसद्वारा सञ्चालित आर्थिक निकाय निजी तथा सरकारी बैंक साथै विभिन्न खाले सहकारी संघसंस्थाहरुबाट पनि यो हुँदै आएको छ । विद्युत प्राधिकरणले विद्युत् महसुल एक महिनाभित्र नबुझाए सयकडा ५ का दरले फाइन तिराउँछ । हरेक बैंकले यसैगरी प्रति महिना साहुँ ब्याज जोड्दै जान्छन् ।*

वास्तवमा 'मिटर ब्याज' सञ्चालक केही साहु महाजन मात्र छैनन् । स्वयम् यो सरकार अनि यसद्वारा सञ्चालित आर्थिक निकाय निजी तथा सरकारी बैंक साथै विभिन्न खाले सहकारी संघसंस्थाहरुबाट पनि यो हुँदै आएको छ । उदाहरणका लागि विद्युत प्राधिकरणले विद्युत् महसुल एक महिनाभित्र नबुझाए सयकडा ५ का दरले फाइन तिराउँछ । हरेक बैंकले यसैगरी प्रति महिना साहुँ ब्याज जोड्दै जान्छन् । धितो राखी ऋण निकाल्नै गाह्रो, धितो नभएका ऋणीहरुको कुरै नगरौं । बिचौलिया-दलाल र कर्मचारीलाई घुस खुवाउनु पर्ने । समयमा ऋण तिर्न नसके धितो नै लिलाम । दैनिक धम्की, घेराबन्दी र गुण्डागर्दी । यसका पीरले थुप्रै ऋणीहरु पागल भएका छन् भने केहीले त आत्महत्या नै । हिजो गाउँघरका केही मुट्ठीभर सामन्त, साहुँ महाजनको शोषणलाई आज राज्यले नै अनुशरण गर्ने गरेको छ । राज्यको रक्षा र संरक्षणमा नै यस्तो नवसामन्ती र नव नोकरशाही आर्थिक प्रणाली नै अहिले पनि जीवित नै छ । वर्तमान यो चालु सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य व्यवस्थाको असली विशेषता र चरित्र नै यही हो ।

आज देशका विभिन्न जिल्ला-क्षेत्रका हजारौं यस्ता ऋणी किसान-मजदुरहरु केही उपाय नलागेपछि आन्दोलनमा उत्रेका छन् । धर्ना, अनसन, नारा, जुलुस, घेराबन्दी आदि गरिरहेका छन् । राष्ट्रपतिदेखि लिएर प्रधानमन्त्री र मन्त्रीहरुसित हारगुहार गरिरहेका छन् । धेरै दिनसम्म बेवास्ता गरे पनि अहिले यस्तो समस्या समाधानका लागि सरकारले एउटा कार्यदल नै गठन गरेको छ । त्यसअनुसार सम्बन्धित जिल्ला प्रशासन कार्यालयले उजुरी लिने बताएको छ । यो यी पीडित ऋणीहरुलाई भुलाउने काम मात्र हो । गर्ने केही होइन । माथि नै भनियो यसको मूल जरो नै राज्यसत्तासँग जोडिएको छ । यस्तै मिटर ब्याज, सुतखोर, बिचौलिया-दलाल, गुण्डा-डन, भ्रष्टाचारी, भूमाफिया, तस्करी, वन-जंगल-खोलानाला आदि प्राकृतिक सम्पदा दोहनकारीहरुकै धन-बलमा नै यो राज्य सत्ता चलिरहेको छ । प्रधानमन्त्रीदेखि लिएर मन्त्री-सांसद् अनि सेना, पुलिस, अदालत, कर्मचारी सबै यसैको भरमा बाँचेका र चलेका छन् । लुट्ने, ठग्ने, चोर्ने, जालझेल आदि यी सबै गर्ने यिनीहरुको असली कर्म र धर्म नै हो ।

अन्त्यमा, हिजो '५० रूपैयाँको तमसुक' नामक नाटकपछि कम्युनिष्ट बनेका अनि 'जग्गा कसको जोत्नेको' 'घर कसको पोत्नेको' भन्ने कृषि क्रान्तिका नारा अघि सार्दै १० वर्षे, माओवादी जनयुद्ध हाँक्नेहरु नै अहिले सत्तासीन छन् । तर यिनीहरुलाई यसप्रति कुनै मतलब छैन । पुराना पञ्चे दरबारिया अनि नेपाली कांग्रेसको त मूल राजनीति नै सामन्ती र दलाल अनि नोकरशाही बुर्जुवाकै हो । उल्टै यस्ता जनताप्रति उनीहरुकै निर्देशनमा लाठीचार्ज, कुटपिट, गिरफ्तार र हत्या, हिंसा भइरहेको छ । जनताप्रतिको कुनै दया माया यिनीहरुमा देखिँदैन । हिजो त्यो आन्दोलन र संघर्ष अनि ती नारा सबै यही सामन्ती, दलाल र नोकरशाही बुर्जुवा सत्ता चढ्ने भऱ्याङ् मात्र बनेका छन् । तर, आन्दोलन गर्ने, संघर्ष र विद्रोह गर्ने हरेक जनताको अधिकार हो । त्यसैले ती नारा र क्रान्ति आजको आवश्यक पनि हो । वास्तवमा मिटर ब्याज पीडित किसान-मजदुरहरुले न्याय पाउने र मुक्तिको बाटो पनि यही हो ।

सामाजिक सञ्जाल



- शैलेन्द्र थापा

मैले बुझेसम्म राजा भ्रमणमा निस्कदा जनताहरू स्वतस्फूर्तरूपमा घण्टौं लाईनमा उभिएर नजिकबाट हेर्न उत्सुक हुन्थे तर, अहिलेका छोटे राजाहरूलाई खासै चिन्दैनन् पनि र चिनिहाले पनि नजरअन्दाज गरिदिन्छन् । अनि जबर्जस्ती मलाई मान्नैपर्छ भन्न पाइन्छ र ?



- प्रेम घर्ती मगर

